आज मिति २०७७ साल जेठ २२ गते विहिवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| व.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: तेत्तीसौं नगर सभाको मिति, स्थान र समय निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.२: तेत्तीसौं नगर सभामा पेश हुने आगामी नीति तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.४: क्रमागत योजनाहरु र सम्झौता हुन बाँकी योजना सम्बन्धमा ।
प्रस्ताव नं.५: प्रस्तावित कार्यविधि पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: क्वारेन्टिन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.७: कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण कोषमा रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.८: कृषि कार्यक्रम अन्तर्गत धानको बिउ खरिद अनुदानमा रकम थप सम्बन्धमा ।
प्रस्ताव नं.९: कृषि, पशु एवं सहकारी समितिबाट प्रस्तावित कृषि पशु अन्तर्गत विनियोजित अनुदान रकम सम्बन्धमा ।
प्रस्ताव नं.१०: कोरोना भाइरस बिमा सम्बन्धमा ।
प्रस्ताव नं.११: बजार तथा बैंक खुल्ने सम्बन्धी समय निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.१२: राजश्व छुट सम्बन्धी निवेदन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विपद् कोष अन्तर्गत तत्काल सम्बोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१५: काउम्याट खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१६: फलफुलको विरुवा अनुदान मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं.१७: छात्रवृत्ति निकासा सम्बन्धमा ।
प्रस्ताव नं.१८: वडा नं.२ को योजनामा रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.१९: विद्यालय समायोजन सम्बन्धमा ।
प्रस्ताव नं.२०: डाइलासिस बिरामी तथा विपन्न सुत्केरीलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: व्यास नगरपालिका अन्तर्गत प्रभावकारी कृषि योजनाका लागि तथ्याङ्क माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: अपाङ्गता प्रोत्साहन रकम सम्बन्धमा ।
प्रस्ताव नं.२३: प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२४: 'घ' वर्गको ठेक्काको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२५: तत्काल सम्बोधन गर्नुपर्ने अत्यावश्यक योजना सम्बन्धमा ।
प्रस्ताव नं.२६: वडा नं. ५ को योजना रकमान्तर गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको तेत्तीसौं नगर सभा २०७७/३/१० गते बुधवार बिहान ११:३० बजे नगर सभा कक्ष दमौलीमा बस्ने गरी सबै नगर सभाका सदस्यहरुलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०७७/३/१० गते हुने व्यास नगरपालिकाको तेत्तीसौं नगर सभामा आगामी वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सबै नगरपालिका सदस्य र सल्लाहकारज्यूहरुसँग मिति २०७७/२/२७ गतेभित्र लिखित वा अन्य विधिद्वारा सुझाव पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आगामी बर्षका लागि बजेट कार्यक्रम तर्जुमा गर्नका लागि व्यास नगरपालिका श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट पेश भएका क्रमागत योजनाको रकम संचित कोष मार्फत आगामी वर्षका लागि स्थानान्तरण गरी सो र आन्तरिक आय, नेपाल सरकार गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र विविध आयबाट रू.१ अरब ६५ करोडको प्रारम्भिक अनुमानित आय तथा खर्चको सिमा निर्धारण प्रस्ताव पेश भई जानकारी प्राप्त भयो, सोही सिमाका आधारमा विद्यमान संकटमा यथार्थ बजेट कार्यक्रम तर्जुमा गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६/०७७ का लागि नगर सभाबाट निर्णय भएका कतिपय योजनाहरु कोरोना भाइरस (कोभिड-१९) का कारणले समयमा संझौता हुन नसकेको र संझौता भएका योजनाहरु समेतको काम सम्पन्न हुन बाँकी रहेको विद्यमान परिस्थितिमा संझौता नभएका योजनाहरुलाई आगामी वर्षको नयाँ योजनामा समावेश गर्ने र सम्झौता भई कार्य सम्पन्न हुन नसकेका योजनाहरुलाई क्रमागत योजनामा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा बैठकमा पेश भएका निम्न लिखित कार्यविधिहरु पेश भएकोमा संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका क्वारेन्टिन व्यवस्थापन कार्यविधि, २०७७

(ख) व्यास नगरपालिका श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धी कार्यविधि, २०७७

(ग) सहकारी मार्फत खसी/पाठा उत्पादन र विक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका, २०७७

(घ) दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका, २०७७

(ङ) कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा बसोवास गर्ने नेपाल बाहिर बस्नु हुने हाल आफ्ना घर आउनु भएका २५ जना नागरिक यस अघि क्वारेन्टिनमा राखी कोरोना भाइरस (कोभिड-१९) को परीक्षण गरी घर पठाइएको र आजका मितिमा रहेका व्यास नगरपालिका भित्र आदिकवि भानुभक्त क्याम्पस व्यास १, निर्मल माध्यमिक विद्यालय व्यास १ मा र मदर्शा प्रा.वि. व्यास ४ मा १४२ जना (महिला ३, बालबालिका ३ समेत) रहेका र यस कार्यमा उल्लेखित क्वारेन्टिन रहेका संस्थाहरुले मानवीय कार्यमा अत्यन्त महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोले ती संस्थासँग सम्बन्धित सम्पूर्ण परिवार, सम्वद्ध सुरक्षा निकाय, खाना बस्न सहयोग पुऱ्याउने सम्पूर्ण सहयोगी संघ/संस्था, महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणका लागि राहत वितरण, औषधोपचार खरिद, क्वारेन्टिन व्यवस्थापनका लागि शीर्षक नं.४.४४ को १० लाख, ४.१.५२ को २ लाख, ४.१.७१ को ४ लाख, ४.१.७२ को ५ लाख र ४.१.७४ को ४ लाख गरी रू.२५,००,०००।- (पच्चीस लाख मात्र) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा कृषि कार्यक्रम अन्तर्गत धानको बिउ खरिद गरी ५०% अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत कृषकहरुबाट प्राप्त मागका आधारमा विनियोजित रकम रू.७,००,०००।- (सात लाख रुपैयाँ) मा नपुग भई रू.१२,००,०००।- (बाह्र लाख रुपैयाँ) खर्च भएको हुँदा ५०% अनुदान रकमका लागि रू.५,००,०००।- (पाँच लाख रुपैयाँ) शीर्षक नं.८.१.१० बाट रकमान्तर गरी थप गर्ने र उक्त खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कृषि, पशु तथा सहकारी विकास समितिबाट प्रकृयागत रुपमा छनौट भई पेश हुन आएका निम्न लिखित कार्यक्रममा निम्न लिखित संघ/संस्था एवं कृषकहरुलाई निम्न लिखित रकमहरु प्राप्त गर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भकारो सुधार | २० जना | ३,००,०००।०० | विस्तृत विवरण संलग्न अनुसूचीमा रहेको छ । |
| २. | साना सिँचाई | ४१ जना | ५०,६१,०००।०० | |
| ३. | पुरस्कृत किसानहरु | ५ जना | १,८०,०००।०० | |
| | | जम्मा | ५५,४१,०००।०० | |

**निर्णय नं. १० :** प्रस्ताव नं. १० का सम्बन्धमा छलफल व्यास नगरपालिकाका सम्पूर्ण नगरसभा सदस्यहरु, सरसफाई कर्मीहरु, नगर प्रहरी र ड्राइभरहरुको कोरोना बिमा रू.१ लाखको गर्ने र सो को बिमा प्रिमियम रकम नगरसभा सदस्यहरुको हकमा स्वयं व्यहोर्ने र अन्यको हकमा नगरपालिका कोरोना रोगथाम तथा नियन्त्रण कोषबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र बजार व्यवस्थापनका लागि विभिन्न समयलाई अभ्यास गर्दा सबै पसलहरु खुल्दै गएकोमा पसल तथा बैंक खुल्ने समय एकै पटक हुँदा बजारमा भिडभाड भई बजार अस्तव्यस्त भएको, पसलहरुले सामाजिक दुरी कायम गर्ने तर्फ ध्यान नदिएको पाइएकाले बजार व्यवस्थापनलाई खुकुलो बनाउँदै जाने नीति लिई हाललाई तरकारी, फलफुल, खाद्यान्न लगायतका अत्यावश्यक पसलहरुलाई आइतवारदेखि शुक्रबारसम्म बिहान ६:०० बजेदेखि १०:०० बजेसम्म खुलाउन, बैंकहरुलाई आइतवारदेखि शुक्रवारसम्म बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म न्यूनतम ३ दिन बैंकिङ्ग कारोवार गर्न र निर्माण खाद्यान्न लगायतका ढुवानीलाई समेत बिहान ६:०० बजेदेखि १२:०० बजेसम्म र औषधी, कृषि, मल, बिउका पसलहरु निर्वाध रुपमा सञ्चालन गर्ने गरी सम्बन्धित पक्षहरुसँग अनुरोध गर्ने निर्णय गरियो । साथै व्यवसायीहरुसँग परामर्श गरी हाललाई बिहानी समय १२:०० बजे भित्रै दैनिक ४ घण्टा व्यवसाय खुल्ने गरी आवश्यक निर्णय लिन बजार अनुगमन समितिको संयोजक एवं उपप्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा ढुङ्गा, गिट्टी र वातावरण शुल्क सम्बन्धी सम्झौता भएका व्यवसायीहरुले लकडाउनका कारणले व्यवसाय सञ्चालन गर्न कठिनाई भई छुट तथा समयावधि बढाउनका लागि माग भई आएकाले उपप्रमुख श्री मिरा जोशीज्यूको अध्यक्षतामा रहेको राजश्व समितिलाई उपयुक्त राय सहित राजश्व छुट सम्बन्धी प्रस्ताव नगर सभामा पेश गर्नुपर्ने हुँदा आगामी बैठकमा पेश गर्न जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा निम्नानुसार विपद् कोषबाट रकम क्षतिपूर्ति एवं निर्माण मर्मतका लागि उपलव्ध गराउने निर्णय गरियो ।

(१) व्यास १० भञ्ज्याङ्ग स्थित चिलाउने पाखा मोटर मार्गको सरिता, शान्तिरुद्र सापकोटा, मंगले नेपाली र खेमु दरैको घर शौचालय गोवरग्याँस संरक्षण– ३,००,०००। (तीन लाख रुपैंया)

(२) व्यास ४ चुरेखोल्सी टोल अन्तर्गत बसन्त मार्गमा पर्ने सूर्य वास्तोलाको घर संरक्षण वाल निर्माण– ४०,०००। (चालीस हजार रुपैयाँ)

(३) व्यास ४ सिंहबहादुर नेपालीको घर जोखिम नियन्त्रण –३५,०००।

(४) व्यास १० ज्वालादेवी बहुउद्देश्यीय कृषि फर्म घर क्षति निर्माण/मर्मत –३०,०००।
(५) व्यास ६ शिशाघाट शोभा परिवारको घर मर्मत क्षतिपूर्ति –१५,०००।
(६) व्यास ९ माझफाँट हावाहुरीले धरमबहादुर कुँवर थापाको घर क्षति राहत –१५,०००।
(७) व्यास ६ सुन्तलाबारी टोल देउबहादुरको घर हावाहुरी क्षतिपूर्ति –२५,०००।
(८) व्यास ५ रानीटारी टोल विकास अन्तर्गत कुलो पहिरो गई पानी लगाउन तत्काल पाइप खरिद –१८,०००।
(९) व्यास ४ सितलचोक बस्ने सम्शेर सुनारको घर संरक्षण –१५,०००।

**निर्णय नं.१४:** (क) प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा वडा नं.९ को वडा कार्यालय पहुँच मार्ग पिच गर्ने योजनालाई परिवर्तन गरी वडा कार्यालय पहुँच मार्ग स्तरोन्नति गर्ने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

**(ख)** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा वडा नं.१० स्थित शिव मा.वि. दरै नमूना होमस्टे मार्ग कालोपत्रे योजनाको लागि लागत समेत रू.२०,००,०००/ विनियोजन भएकोमा उक्त योजना परिवर्तन गरी तपसिल बमोजिमका योजनाहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।
(१) दुम्सी नमुनाग्राम मार्ग पक्की नाला (लागत समेत) रू.१०,००,०००/ (दश लाख)
(२) शिव मा.वि. मार्गमा टेवा पर्खाल तथा कालोपत्रे (लागत समेत) रू.१०,००,०००/ (दश लाख)

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा काउम्याट खरिद गरी किसानलाई निःशुल्क वितरण गर्न चालु आ.व.को कार्यक्रममा रू.६,००,०००।- (छ लाख रुपैयाँ) विनियोजन भएकोमा सूचना प्रकाशित गरी माग गर्दा उक्त रकम बरावरको माग प्राप्त हुन नआएको हुँदा रू.५,००,०००।- (पाँच लाख रुपैंया) को माग भई आएकोले (ढुवानी सहित) नियमानुसार खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा कृषि विकास कार्यक्रम तर्फ वर्षे फलफुल विरुवा ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम अन्तर्गत कृषि, पशु तथा सहकारी समितिबाट पेश भएको विरुवा खरिद एवं वितरण मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित गरिएको शीर्षक नं.४.१.४४ र ४.१.७३ अन्तर्गत निम्न लिखित विद्यार्थीहरुलाई अनुसन्धान सहयोग रकम एवं छात्रवृत्ति रकम निम्नानुसार निकासा दिने निर्णय गरियो ।

| सि.नं. | नाम, थर | ठेगाना | विषय | रकम |
|---|---|---|---|---|
| १. | श्री सृजना कार्की | व्यास २ | फरेष्टी | २५,०००। |
| २. | श्री गणेश श्रेष्ठ | व्यस ३ | भौतिक शास्त्र | २५,०००। |
| ३. | श्री अर्चना न्यौपाने | व्यास ६ | महिनावारी अध्ययन | २५,०००। |
| ४. | श्री अप्सना नागिला | व्यास ६ | आदिकवि भानुभक्त | ८,०००। |
| ५. | श्री स्मृति न्यौपाने | व्यास ६ | आदिकवि भानुभक्त | ८,०००। |
| | | | जम्मा | ९१,०००। |

**निर्णय नं.१८:** (क) प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.२ को पत्रानुसार उक्त वडा अन्तर्गत अमरापुरी रामलाल श्रेष्ठको घर छेउमा नाला मर्मत गर्नका लागि ल.ई. अनुसार जनसहभागिता बाहेक रू.१,४४,०००।- (एक लाख चौवालिस हजार रुपैयाँ) माग भई आएकाले सोही वडाबाट शीर्षक नं. ६.२.४९ मा विनियोजित रकमबाट नाला मर्मतमा रकमान्तर गर्ने निर्णय गरियो ।

(ख) बागबजार टोल अन्तर्गत आमा समूहको भवन अगाडि स्ल्याव सहितको नाला निर्माण गर्न रू.३,१६,०००। (तीन लाख सोह्र हजार रुपैयाँ) विनियोजन गरी ६.२.४९ को विनियोजित रकमबाट रकमान्तर गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

(ग) मालेबगर टोलमा रहेको नालामा स्ल्याव राख्ने योजनाको लागत इष्टिमेटमा पनिङ्ग प्लाष्टरमा बजेट छुट हुन गएकोले सो कार्य गर्न रू.४०,०००। (चालिस हजार रुपैयाँ) वडा बजेट शीर्षक नं.६.२.४९ बाट विनियोजन गर्ने निर्णय गरियो ।

(घ) दिपा वि.क.को घरदेखि बाराही कलेज पछाडि हुँदै सामुदायिक भवनसम्मको बागबजार मार्गमा नाला निर्माण गर्ने योजनामा वडा नं.२ को मुख्य-मुख्य स्थानमा जेब्रा क्रसिङ्ग लेखन कार्य योजनाको वडा बजेट शिर्षक नं.४.१.५ बाट रू.१,७५,०००।- (एक लाख पचहत्तर हजार रुपैया) रकमान्तर गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा रहेका विभिन्न विद्यालयहरुलाई समायोजन गरिएको हुँदा "सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" अनुसार प्राप्त हुने अनुदानका लागि माग गर्ने निर्णय गरियो ।

१. व्यास ६ को भवानी प्रा.वि. (कक्षा १-५) महेन्द्रज्योति मा.वि.मा समायोजन भएको (२०७६)
२. व्यास ७ को भद्रकाली प्रा.वि. (कक्षा १-५) क्यामिनकोट मा.वि. छापथोक समायोजन भएको (२०७६)
३. व्यास ७ को जनकल्याण प्रा.वि. (कक्षा १-५) बसन्तकाली प्रा.वि.
४. व्यास ७ को क्यामिन छापथोक प्रा.वि. नरङ्गा (कक्षा १-५) क्यामिन मा.वि. कलेस्तीमा समायोजन (२०७६)
५. व्यास ९ को कालिका प्रा.वि. (कक्षा १-५) माहेन्द्री मा.वि. गजौडेमा समायोजन (२०७६)
६. व्यास १० स्थित सरस्वती प्रा.वि. (कक्षा १-३) लाई जनता आधारभूत विद्यालय अँधेरीभञ्ज्याङ्ग (२०७५)
७. व्यास११ मा रहेको तनहुँ प्रा.वि. (कक्षा १-३) लाई बाराही मा.वि.मा समायोजन (२०७५)
८. व्यास न.पा. वडा नं. १२ स्थित देउराली प्रा.वि. (कक्षा १-३) लाई व्यास १२ स्थित सिद्धेश्वरी मा.वि. मा समायोजन (२०७७)
९. व्यास- १३ स्थित बुद्ध प्रा.वि. (कक्षा १-५) लाई सिद्धबेनी आ.वि.मा समायोजन (२०७६)
१०. व्यास-१४ स्थित (१) दुर्गा भवानी प्रा.वि. (२) राम प्रा.वि. (३) भद्र प्रा.वि. (४) छाब्दीबाराही प्रा.वि. (५) केशवटार प्रा.वि. समेत (कक्षा १-५) ५ विद्यालयहरु व्यास १४ मा रहेको केशवटार मा.वि. मा समायोजन गरिएको (२०७४/२०७५) जम्मा १४ विद्यालयहरु समायोजन भएका ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास न.पा.मा रहेका किड्नीका बिरामीहरुको नियमित डाइलासिस गर्नका लागि दमौली अस्पताल वा पोखरा लगायतका हस्पिटलमा जानुपर्दा प्रति बिरामी यातायात खर्च वापत लकडाउन अवधिभर यातायात खर्च वापत प्रति डाइलासिस रू.१०००।- (एक हजार रुपैयाँ) उपलब्ध गराउने निर्णय गरियो । साथै व्यास न.पा. भित्रको विपन्न परिवारका सुत्केरी हुने महिलालाई हाललाई पोषण खर्च वापत रू.३,०००। (तीन हजार रुपैयाँ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत आगामी कृषि योजना तयार गर्न सबै वडाहरुबाट १० दिनभित्र प्रारम्भिक तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको विगत सभाबाट शिर्षक नं. ४.१.५८ अन्तर्गत (ग) वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहन स्वरुप वार्षिक प्रति व्यक्ति रू.२,५००। (दुई हजार पाँचसय रुपैंया) भत्ता उपलब्ध गराउने निर्णय भएकाले सोहि बजेट भित्रबाट यस न.पा.का महिला ४२, पुरुष ८० समेत १२२ जनालाई वडा कार्यालय मार्फत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत आयोजनाहरु मध्ये चालु आ.व.मा सञ्चालन गर्न सकिने आयोजनाको हकमा वडा कार्यालयले योजना

कार्यान्वयनको लागि न.पा.मा लेखी पठाउने र न.पा.ले नियमानुसार सम्झौता गरी कार्यान्वयन गराउने निर्णय गरियो । साथै आगामी आ.व.२०७७/०७८ को लागि स्थानीय तहबाट सञ्चालन हुने रोजगारमूलक आयोजनाहरु कामको लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम स्थानीय तहबाट तर्जुमा एवं स्वीकृति गराई कार्यक्रममा समावेश गर्नुपर्ने हुँदा २०७७/०३/०३ गतेभित्र उक्त आयोजनाहरु प्रस्ताव गरी न.पा.मा पठाई दिन वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधिको इजाजत पत्रको नवीकरण सम्बन्धमा हालको बन्दाबन्दीको कारण कार्यविधिको म्याद समाप्त हुने मिति देखि थप १ वर्ष इजाजत पत्र नवीकरण गर्ने अवधि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्य यसै वर्ष सम्पन्न भएपछि मात्र भुक्तानी दिने समेत निर्णय गरियो । उक्त रकम नगरस्तरीय बजेट शीर्षक नं. ६.२.३४९ को बजेटबाट रकमान्तर गर्ने समेत निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | देउराली खाती चौतारा कटहरे अधुरो मोटर मार्ग मर्मत विस्तार | १२ | २१,५९६। | पूँजीगत तर्फको शीर्षक नं.६.२.३४९ बाट |
| २. | बेलथुम्की पार्क निर्माण | ११ | ३,००,०००। | ,, |
| ३. | व्यास  मानव सेवा भवनमा ग्रिल राख्ने | ३ | ७०,०००। | ,, |
| ४. | गैराबारी टोल भलपानी नियन्त्रण | ११ | ३,००,०००। | ,, |
| ५. | पतेनीटार उदय मा.वि. जाने बाटो कल्भर्ट निर्माण | ५ | १,२५,०००। | ,, |
| ६. | साँगे पतेनीटार सिँचाई योजना मर्मत | ५ | १,२५,०००। | ,, |
| ७. | इन्दु मा.वि. छाना भवन मर्मत | ६ | १,५०,०००। | ,, |
| ८. | वडा कार्यालय कम्पाउण्ड रेलिङ्ग | ४ | २,५५,०००। | ,, |
| ९. | मिलनटोल विकास पक्की नाला निर्माणमा थप | १ | ४,५०,०००। | ,, |
| १०. | वडा कार्यालय खानेपानी सरसफाई व्यवस्था | ९ | ५०,०००। | ,, |
| ११. | बसन्तकाली प्रा.वि. छाना मर्मत | | १,५०,०००। | ,, |
| १२. | चण्डिमुहान खा.पा.योजना मर्मत | १० | ३०,०००। | ,, |
| १३. | खानेपानी पाइप खरिद (१३०० मिटर) | १४ | ७५,०००। | ,, |
| १४. | विर्ता बाँध निर्माण | ४ | २,००,०००। | ,, |
| १५. | बाराही मा.वि. कम्पाउण्ड/शौचालय निर्माण | ११ | ४,००,०००। | ,, |
| १६. | अत्रौली टोल सार्वजनिक जग्गा संरक्षण एवं व्याडमिण्टन कोर्ट निर्माण | १० | १,००,०००। | ,, |
| १७. | बालमन्दिर मा.वि. | २ | २,००,०००। | |
| १८. | माथिल्लो भतेरी खेलमैदान निर्माण थप | १० | २,००,०००। | |

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ अन्तर्गत वडा बजेटको शीर्षक नं.६.२.९९ अन्तर्गत वडाभित्र घरको छाना विस्थापित कार्यक्रममा रू.१०,००,०००। (दश लाख रुपैयाँ) विनियोजन भएकोमा थप रू.७,००,०००। (सात लाख रुपैयाँ) आवश्यक भएकोले वडा बजेट शीर्षक नं.६.२.८३ बाट उक्त रकम ७,००,०००। (सात लाख रुपैयाँ) रकमान्तर गर्ने र उक्त शीर्षकमा बाँकी रहेको रू.३,००,०००। (तीन लाख रुपैयाँ) निर्मित वडा कार्यालय कम्पाउण्ड गर्ने कार्यमा लगाउने गरी रकमान्तर गर्ने निर्णय गरियो ।